प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं.: ३२०

मितिः २०७७।०५।२५

**श्री माध्यमिक विद्यालयहरु कक्षा (११ र १२) मा विज्ञान विषय सञ्चालित सबै,**

**प्रदेश नं ५**

**विषयः प्रदेश स्तरीय भर्चुअल वक्तृत्वकला प्रतियोगिता सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा "स्वस्थ र गुणस्तरीय जीवनका लागि विज्ञान" भन्ने आदर्श वाक्यका साथ राष्ट्रिय विज्ञान दिवस २०७७ मनाउने सन्दर्भमा यस मन्त्रालयले "आजका विद्यार्थी र विज्ञान प्रविधि " शीर्षकमा मिति २०७७।०६।०१ गते दिउसो ११:०० बजे कक्षा (११ र १२) मा विज्ञान विषय अध्यापन गराइरहेका माध्यमिक विद्यालयका विद्यार्थीहरुका बिच प्रदेश स्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरेकाले प्रतियोगितामा भाग लिन चाहने विद्यार्थीहरुलाई सहभागी गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>वक्तृत्वकला प्रतियोगिता सम्बन्धी विस्तृत सूचना विवरणः</u>

क) प्रत्येक विद्यालयले प्रतियोगितामा १ जना (छात्र वा छात्रा) सहभागी गराउनु पर्नेछ ।

ख) प्रतियोगितामा सहभागी हुने विद्यार्थीको विवरणः नाम, कक्षा, रोल्नम्बर, स्थायी ठेगाना र मोवाईल नं. सम्बन्धित विद्यालयका प्रधानाध्यापकद्वारा प्रमाणित गरी यस मन्त्रालयको इमेल mosdfive@gmail.com मा २०७७।५।२९ गते साझ ५:०० बजे भित्र आइपुग्ने गरी पठाउनु पर्नेछ ।

ग) विद्यार्थीको विवरण प्राप्त भैसकेपछि सम्बन्धित विद्यार्थीको मोवाईल नं. मा प्रतियोगितामा सहभागिताका लागि लिंक वा आईडी र पासवर्ड उपलब्ध गराइनेछ ।

घ) प्रतियोगितामा प्रस्तुतिको क्रम निर्धारण सोही दिन आयोजकबाट उपयुक्त तरिकाबाट हुनेछ ।

ङ) प्रतियोगी आफ्नो पालोमा अनिवार्य रुपले उपस्थित हुनु पर्नेछ जसका लागि विद्युत नहुदाको अवस्थामा पनि इन्टरनेटको पहुँचको सुनिश्चितता स्वयम् विद्यालय वा विद्यार्थीले गरेको हुनु पर्नेछ ।

च) वक्तृत्वकलामा भाग लिने प्रतियोगीले अनिवार्य रुपमा विद्यालय पोशाक तथा परिचय पत्र लगाएको हुनु पर्नेछ ।

छ) सफल हुने प्रतियोगीलाई प्रमाणपत्र र नगद पुरस्कार ( प्रथमः १०,०००।-, दितीयः ७,०००।-, तृतीयः ५,०००।- र सान्त्वनाः २,०००।- (दुई जनाका लागि)) व्यवस्था गरिएको छ । विजेता प्रतियोगीलाई पुरस्कार र प्रमाणपत्रका लागि मन्त्रालयले उपयुक्त समयमा वितरणको व्यवस्था मिलाउनेछ ।

ज) प्रतियोगितामा पालना गर्नुपर्ने नियमहरुका सन्दर्भमा सोही दिन मुल्याङ्कन समितिका संयोजकबाट जानकारी गराइनेछ ।

झ) थप जानकारीका लागि मोवाईल नं. ९८५११६०३७२ र ९८४००५७६७५ मा सम्पर्क गर्न सकिनेछ ।

(वेगम के. सी.)

शाखा अधिकृत